न्यादी हाइड्रोपावर लिमिटेड

**NYADI HYDROPOWER LIMITED**

Buddha Nagar, Kathmandu, Nepal

# १५औं बार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु
# (निर्णय पुस्तिका)

(क) **पृष्ठभूमिः**

न्यादी हाइड्रोपावर लि.को १५औं वार्षिक साधारण सभा (यसपछि "सभा" भनिएको) मिति २०७९।१२।६ गते (तद्नुसार मार्च २०, २०२३) का दिन कार्की व्याङ्क्वेट, बबरमहल, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री ओम प्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो । सभा दिनको ११.०० बजे प्रारम्भ भएको थियो ।

(१) **सभा सम्बन्धी सूचना तथा प्रकाशनः**

सभाको सूचना र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन मिति २०७९।११।१० र ११ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभामा भाग लिनका लागि सूचित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक प्रतिवेदन एवं वार्षिक प्रतिवेदन कम्पनीको वेभसाईट www.nhl.com.np मा हेर्न र डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको थियो । सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थितिः**

(अ) **शेयरधनीः**

१०५ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरुको उपस्थिति रहेको ।

(आ) **संचालक समितिः**

| | | |
|---|---|---|
| १. | श्री ओम प्रकाश श्रेष्ठ | अध्यक्ष |
| २. | श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. | श्री राम बहादुर गुरुङ | संचालक |
| ४. | श्री उत्तर कुमार श्रेष्ठ | बैकल्पिक संचालक |
| ५. | श्री राधेश्याम श्रेष्ठ | बैकल्पिक संचालक |
| ६. | श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

* संचालक श्री विजय बहादुर श्रेष्ठ काम विशेषले गर्दा अनुपस्थित रहनु भएको ।

(इ) **व्यवस्थापनः**

| | |
|---|---|
| श्री उत्तम अमात्य | प्रमुख कार्यकारी अधिकृत |
| श्री सुदिप मान श्रेष्ठ | वित्त तथा प्रशासन प्रवन्धक |

श्री विवेक कारंजित वरिष्ठ इन्जिनियर

(२) **गणपुरक संख्या तथा शेयरसंख्याको प्रतिनिधित्वः**
सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरसंख्या १,५०,००,००० मध्ये १,०८,०४,१०० शेयर कित्ता (७२%) को प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु १९५७२६ मध्ये १०५ जना (संस्थागत शेयरधनी समेत) (०.१%) शेयरधनीहरु उपस्थिति रहनु भएकोले सभाको कार्यवाही संचालनका लागि कम्पनी ऐन वमोजिम गणपुरक संख्या पुगेको थियो ।

(३) **सभाको बैधानिकताः**
शेयरधनीहरुलाई तोकिएको समय भित्रै सभाको सूचना संप्रेषण तथा प्रकाशन गरिएको र कम्पनीको तत्काल कायम चुक्ता पूँजीको ७२% शेयर स्वामित्वको प्रतिनिधित्व हुनेगरी शेयरधनीको उपस्थिती रही सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र सभा रित पूर्वक बोलाइएको ठहर गर्दै सभाले आफ्नो कार्यवाही तथा निर्णय प्रक्रियालाई अगाडि बढाउने निर्णय गऱ्यो । कम्पनी सचिवले सभाध्यक्षको अनुमतिले सभा संचालन गर्नु भयो ।

(ख) **सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः**
प्रकाशित सूचना वमोजिमका प्रस्तावहरुका अतिरिक्त स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा संचालक समितिको थप प्रस्ताव समेतलाई छलफल तथा निर्णयका लागि सभाले स्वीकृति प्रदान गरेको थियो ।

संचालक समितिका अध्यक्ष श्री ओम प्रकाश श्रेष्ठज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफल गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । सो छलफलमा शेयरधनीहरु श्री डम्मरु वल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, शत्रुघन श्रेष्ठ, ब्रह्म देव शाक्य र सुदीप श्रेष्ठले आफ्ना टिप्पणी तथा सुझाव राख्नुभएको थियो । शेयरधनीहरुवाट प्राप्त टिप्पणी तथा सुझावहरु निम्न वमोजिम रहेको थियो ।

- कम्पनीले साधारण सभा ढिला हुन गएको छ । आगामी वर्षदेखी साधारण सभा समयमै गर्न ध्यान दिन आवश्यक छ । यस वर्षको साधारण सभा ढिला हुनुको पछाडि कुनै खास कारण भए सो सभालाई जानकारी गराउन अनुरोध गर्नु भयो ।
- कम्पनीको वार्षिक प्रतिवेदनमा आगामी वर्षमा कम्पनीको चिनारी, कम्पनी सचिवको जानकारी लगायतका विषयहरु समेट्नका लागि सुझाव दिनुभयो ।
- प्रशारण लाईनको बैकल्पिक योजनाका विषयमा तथा कम्पनीले पूर्ण क्षमतामा विद्युत आपूर्ति गर्न सकिने हो भन्ने सम्बन्धमा समेत स्पष्ट गर्न अनुरोध गर्नु भयो ।
- कम्पनीले कहिले देखी लाभांश दिने हो भनी जिज्ञासा राख्नुभयो ।
- आयोजनाको स्थानीय समस्याहरु भएको भए सो सम्बन्धमा समेत स्पष्ट पार्न अनुरोध गर्नु भयो ।
- आयोजनाको प्रतिमेगावाट लागतका विषयमा जिज्ञासा राख्नुभयो ।

- रिक्त संचालकको पदहरुमा यथाशक्य छिटो विशेष साधारण सभा गरेर भएपनि पूर्ति गर्नका लागि सुझाव दिनु भयो ।

शेयरधनीहरुको सुझाव तथा जिज्ञासाका विषयमा संचालक समितिका अध्यक्ष श्री ओम प्रकाश श्रेष्ठ, संचालक श्री प्रदीप कुमार श्रेष्ठ र बैकल्पिक संचालक श्री उत्तर कुमार श्रेष्ठले शेयरधनीहरुवाट प्राप्त सुझावहरुलाई धन्यवाद दिदैं उहाँहरुका जिज्ञासाका सम्बन्धमा देहाय वमोजिम स्पष्ट पार्नु भएको थियो ।

- आयोजनाको प्रतिमेगावाट लागत रु २२ करोड रहेको छ । यो लागत साविकमा रु. २० करोडको हाराहारीमा थियो । व्याजमा भएकाृ बृद्धि, बैकल्पिक प्रशारण लाईन निर्माण गर्नु परेको र अमेरिकी डलरको दरमा भएको बृद्धिका कारण आयोजनाको लागत बढेको हो ।
- बैकल्पिक प्रशारण लाईनको निर्माण नगरेको भए कम्पनीले ठुलो आर्थिक नोक्सानी बेहोर्नु पर्नेथियो । यस्तै प्रकारको प्रशारण लाईनको समस्या अन्य आयोजनाहरुमा समेत रहेको छ । नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने खुदीको सवस्टेशन निर्माणको कार्य भईरहेको छ । तर, प्रशारण लाईनको निर्माणमा अपेक्षा अनुसार प्रगति देखिदैन । यद्यपी, अवको एक वर्ष भित्र नेपाल विद्युत प्राधिकरणले प्रशारण लाईन तथा सबस्टेशन निर्माणको कार्य सम्पन्न गर्ने अपेक्षा रहेको छ । यस कार्यमा कम्पनीको तर्फवाट आवश्यक सहयोग भईरहेको छ ।
- उक्त सबस्टेशन तथा प्रशारण लाईनको निर्माण सम्पन्न भएपछि यस कम्पनीले आफ्नो आयोजनावाट उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सक्ने अवस्था रहेको छ । यद्यपी, सो नभएसम्म नेपाल विद्युत प्राधिकरणलाई बढी भन्दा बढी मात्रमा विद्युत बिक्री गर्नका लागि कम्पनीको व्यवस्थापन सदैव लागिपर्नेछ ।
- कम्पनीले उत्पादित सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न पाए पश्चात्को पहिलो वर्ष देखीनै आफ्ना शेयरधनीहरुलाई लाभांश दिन शुरु गर्नेछ ।
- यस वर्षको बार्षिक साधारण सभा आयोजनको कार्यमा सबै ध्यान केन्द्रित गर्न परेको कारण ढिला भएको हो । आगामी वर्षहरुमा समयमै साधारण सभा सम्पन्न गरिनेछ ।
- संचालक समितिमा रिक्त पदहरु परिपूर्ति गर्ने सम्बन्धमा संचालक समितिमा छलफल गरेर उपयुक्त निर्णय गरिनेछ ।

शेयरधनीहरुबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(ग) **निर्णयहरु:**

(१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८।७९ को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

३) आ. ब. २०७८।७९ का लागि लेखापरीक्षक नियुक्तिका लागि प्रस्ताब गरिएकोमा लेखापरीक्षण समितिको सिफारिस अनुसार श्री के.पी.एन. एण्ड एशोसियट्स, चार्टर्ड

एकाउन्टेन्टस्, काठमाण्डौलाई आ.व. २०७९।८० को लागि वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन वमोजिमको प्रमाणिकरण कार्य समेत गर्नका लागि लेखापरीक्षक नियूक्त गर्ने र निजलाई रु. १,७५,०००।- (अक्षेरुपी एक लाख पचहत्तर हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर वाहेक लेखापरीक्षण शुल्क दिने निर्णय भयो ।

४) सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकहरुको निर्वाचनको सम्बन्धमा संचालक समितिले अधिवक्ता श्री टिकाध्वाज खड्कालाई निर्वाचन अधिकृत नियुक्त गरेको थियो । कम्पनी सचिवले निर्वाचन अधिकृतलाई निर्वाचनको परिणामका विषयमा सभालाई जानकारी गराउनका लागि अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतले मिति २०७९।११।२३ गतेका दिन निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचनको कार्यतालिका प्रकाशित गरी निर्वाचनको पक्रिया अघि वढाएकोमा उम्मदेवारी दर्ताको लागि तोकिएको मिति २०७९।१२।१ गतेका दिन कुनै पनि शेयरधनीको उम्मेदवारी पर्न नआएको हुँदा उक्त मितिमा सोही व्यहोराको सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराउनु भयो । सो सम्बन्धमा संचालक समितिले उपयुक्त निर्णय गर्ने भन्ने सम्बन्धमा छलफलका क्रममा स्पष्ट पारिसकेको हुँदा सोही वमोजिम संचालक समितिले उपयुक्त निर्णय गर्ने निर्णय भयो ।

५) रिक्त स्वतन्त्र संचालकको पद संख्या एकमा संचालक समितिको सिफारिस वमोजिम का.म.न.पा., महाराजगञ्ज बस्ने श्री राजिव शर्मालाई आगामी ४ वर्षे कार्यकालका लागि नियुक्त गर्ने निर्णय भयो ।

६) विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

अध्यक्षज्यूले कम्पनीको १५औं वार्षिक साधारण सभामा पेश भएका सबै प्रस्तावहरु पारित भएको घोषणा गर्नु भयो र सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा शेयरधनीलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त शेयरधनीहरु प्रति कृतज्ञता ज्ञापन गर्नु भयो । सो सभा १३.०० वजे समापन भएको थियो ।

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

(ओम प्रकाश श्रेष्ठ)
अध्यक्ष